प्रति साधारण शेयर रु.१००/– अंकित दरका २,७०,००० कित्ता शेयरहरु आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र) लमजुङ्ग जिल्लाका बासिन्दाहरु तथा आयोजनाको संरचना रहेको अति प्रभावित क्षेत्र फलेनी र बन्सर गा.वि.स. का बासिन्दाहरुलाई ४० प्रतिशत, प्रभावित क्षेत्र चिति, ढोडेनि, नैथर गा.वि.स. र बेसिशहर न.पा.का बासिन्दाहरुको लागि ४० प्रतिशत र बाँकी २० प्रतिशत न्यून प्रभावित लमजुङ्ग जिल्लाको अन्य गा.वि.स. तथा नगरपालिकाका बासिन्दाहरुलाई शेयर बाँडफाँट गर्ने गरी निष्काशन गरिएको ।

छ्याङ्दी हाइड्रोपावर लिमिटेड
CHHYANGDI HYDROPOWER LIMITED

का.म.न.पा. वडा नं. ०२, समता मार्ग, गैरीधारा, काठमाण्डौ
फोन नं. : ०१-४४२६४८३, ४४२४९२५
इमेलः info@chpl.com.np, chhyangdihydropowerltd@gmail.com, वेभसाइटः www.chpl.com.np

को

आह्वान–पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

साधारण शेयरको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति	२०७३/०९/२० गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	२०७३/१०/०५ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	२०७३/१०/२० गते (बैंकिङ्ग समय पश्चात्)

दरखास्त दिनुपर्ने न्यूनतम : ५० कित्ता
दरखास्त दिन पाउने अधिकतम : १,००० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/– प्रति शेयरको दरले

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७३/०८/२४ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७३/०८/२९ ।

१. कम्पनीको नाम :

छ्याङ्दी हाइड्रोपावर लिमिटेड (CHHYANGDI HYDROPOWER LIMITED) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा.नं २, समता मार्ग, गैरीधारा, काठमाण्डौमा रहेको छ । आवश्यकतानुसार सम्बन्धित निकायबाट स्वीकृति लिई अन्य ठाँउमा पनि शाखा तथा बिद्युत आयोजनाहरु सञ्चालन गर्न सकिनेछ ।

४. जलविद्युत केन्द्र :

कम्पनीको जलविद्युत उत्पादन केन्द्र लमजुङ्ग जिल्लाको बन्सर र फलेनी गा.वि.स.मा रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

- छ्याङ्दी हाइड्रोपावर कम्पनी लिमिटेड प्रचलित कानून बमोजिम २०६४ साल भाद्र १६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्रा.लि.कम्पनीको रुपमा दर्ता भै मिति २०७१ आषाढ ३० गते देखि पब्लिक कम्पनीमा परिणत भै कम्पनी ऐन, २०६३ र बिद्युत ऐन, २०४९ अन्तर्गत काम/कारोबार गर्दै आइरहेकोछ ।
- कम्पनीको प्रवन्धपत्र र नियमावली अनुसार जारी पूँजीको १०% शेयर उद्योग प्रभावित क्षेत्र (आयोजना प्रभावित लमजुङ्ग) का बासिन्दाहरुलाई निष्काशन तथा बितरण गरिने ब्यवस्था छ ।
- यस कम्पनीले छन्दी खोला साना जलबिद्युत आयोजनाले मिति २०७२/१२/१३ गते देखि २ मेगावाट विद्युत उत्पादन गरी बिक्री गरिरहेको छ ।
- यस कम्पनीले छन्दी खोला साना जलबिद्युत आयोजको प्रति मेगावाट लागत रु. २२,१४,१४,११४/- गरी कुल लागत रु. ४४,२८,२८,२२८/- मा निमार्ण संम्पन्न भईसकेको छ । साथै यस आयोजनाको लगानीको payback period १०.२२ बर्ष रहेको छ ।
- कम्पनीबाट उत्पादन गरिएको सवै विद्युत शक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६८ साल चैत्र २३ गते (१७०० कि.वा.) र २०७२ साल बैशाख ०२ गते (३०० कि.वा.) गरि जम्मा २००० कि.वा. विद्युत खरिद विक्री सम्झौता सम्पन्न भइसकेको छ ।

कम्पनीको मुख्य उद्देश्यहरु :

(क) विद्युत विकासको लागि विद्युत उत्पादन, प्रशारण तथा वातावरणको सम्भाव्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ्ग डिजाईन, अन्वेषण तथा सर्वेक्षणको कार्य गर्ने, गराउने ।
(ख) उपयुक्त साना तथा मझौला आयोजनाहरुको संचालन गरि विद्युत उत्पादन गर्ने तथा उत्पादित विद्युत शक्तिको बिक्री वितरण गर्ने ।
(ग) उत्पादित विद्युत तथा अन्य उर्जा शक्ति वितरण गर्न आवश्यक प्रशारण तथा वितरण लाईन निर्माण गर्ने, संचालन गर्ने ।
(घ) विद्युत आयात तथा निर्यात गर्ने तथा आवश्यकता अनुसार लिजमा लिने दिने ।
(ङ) नेपाल राज्यमा विद्युत उत्पादनका लागि आवश्यक पुर्वाधारको विकास गरी विविध क्षमताका विद्युत उत्पादन गर्ने ।
(च) नेपालमा विद्युत उत्पादन गर्नको लागि सम्बन्धित क्षेत्रमा लगानी गर्ने ।
(छ) बिदेशी उपकरण तथा प्राबिधिक जनशक्ति समेतको ब्यवस्था गर्ने ।
(ज) नेपाल बिद्युत प्राधिकरण तथा अन्य निजि क्षेत्रका जलविद्युत आयोजनाहरुबाट उत्पादित विद्युत लिजमा भाडामा लिई वा खरिद गरि विद्युत सेवा संचालन गर्ने र सामुदायिक रुपमा विद्युत बितरणको कार्य गर्ने ।
(झ) नेपालका नदी, नाला, छहराहरुको अध्ययन, अनुसन्धान गर्न बिस्तृत सर्बेक्षण गर्ने ।
(ञ) समान उद्देश्य भएका अन्य कम्पनी तथा फर्महरु संग सम्पर्क गरि कार्य गर्ने ।

६. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

१) **अधिकृत पूँजी (Authorised Capital):** कम्पनीको अधिकृत पूँजी रु.५०,००,००,०००/- (पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरका ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
२) **जारी पूँजी (Issued Capital):** कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु.२७,००,००,०००/- (सताइस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरले २७,००,००० (सताइस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
३) **चुक्ता पूँजी (Paid up Capital):** कम्पनीको जारी पूँजी मध्ये संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु.१८,९०,००,०००/- (अठार करोड नब्बे लाख मात्र) रहेको छ । उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि यस विवरणपत्र मार्फत निष्काशन पश्चात कम्पनीको चुक्ता पूँजी रु.२१,६०,००,०००/- (एक्काइस करोड साठ्ठी लाख मात्र) हुनेछ र सर्वसाधारणको तथा कम्पनीका व्यवस्थापक, कर्मचारीहरु एंव कामदारहरुको लागि छुट्याइएको पूरै शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी २७,००,००,०००/- हुनेछ ।

७. निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):

उद्योग प्रभावित स्थानिय बासिन्दालाई शेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात कम्पनीको पूँजी संरचना :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी संरचना	चुक्ता पूँजी रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनी	१८,९०,०००	७०%	१८,९०,००,०००/-	शतप्रतिशत
ख	उद्योग/आयोजना प्रभावित क्षेत्र (लमजुङ्ग जिल्ला) का बासिन्दा	२,७०,०००	१०%	२,७०,००,०००/-	शतप्रतिशत
	जम्मा	२१,६०,०००	८०%	२१,६०,००,०००/-	

८. आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शैक्षिक योग्यता	शेयर स्वामित्व	अनुभव
१.	क्याप्टेन रामेश्वर थापा	अध्यक्ष	५० बर्ष	नेपाली	कुसादेवी-४, काभ्रेपलान्चोक	प्रबिणता प्रमाणपत्र, प्रशिक्षक बिमान चालक	१००,०००	- अन्नपुर्ण पोष्ट प्रा.लि.मा अध्यक्ष तथा प्रबन्धक निर्देशक, सिम्रीक एयरलाईन्समा कार्यकारि अध्यक्ष, - स्पेश एयर प्रा.लि.मा प्रवन्ध संचालक, - कस्मिक एयर प्रा.लि.मा निर्देशक तथा एभरेष्ट एयर प्रा.लि.मा संयोजक पदमा रहि लामो समयसम्मको कार्यनुभव, - कान्तिपुर मिडिया ग्रुपमा आबद्ध, - नेपालको प्रबुद्ध व्यक्तिको रुपमा परिचित, साथै विभिन्न पद संस्थाहरुबाट सम्मानित
२.	श्री अमरनाथ श्रेष्ठ	संचालक	५६ वर्ष	नेपाली	बुधबारे-९ झापा	मानबिकि बिषयमा स्नातक	१०५,०००	- अध्यक्ष - अटो ग्यालरी प्रा.लि.र इम्पलाईमेण्ट लिंक नेपाल प्रा.लि.
३.	श्री राजेन्द्र बहादुर सिंह	संचालक	४६ वर्ष	नेपाली	थालीगडा-२, बैतडी	ब्यवस्थापन बिषयमा स्नाकोत्तर र इन्जिनियरिङ बिषयमा स्नातक	२५५००	- सिम्रीक एयर प्रा.लि. मा प्रबन्धक निर्देशक, - अध्यक्ष मिडिया स्पेश सोलुसन प्रा.लि. र नेपाल न्युज नेटबर्क प्रा.लि. मा संञ्चालक पद मा कार्यरत ।
४.	श्री उदय कुमार पिया	संचालक	८६ वर्ष	नेपाली	नारायणगढ-१ चितवन	स्बअध्ययन	१,६५,०००	- कन्या स्कुल नारायणगढ र विरेन्द्र क्याम्पसको संस्थापक तथा संचालक समितिको सदस्यमा बसि कार्य गरेको अनुभव ।
५.	श्री अशोक बुढाथोकी	संचालक	५३ वर्ष	नेपाली	गरामुनी-७ झापा	ब्यबस्थापन र मानबिकि बिषयमा स्नाकोत्तर तथा बिज्ञान संकायमा स्नातक	२४,०००	- श्री क्यापिटल मर्चेण्ट बैंकिङ्ग तथा फाइनान्स लि.मा ३ वर्ष र नेपाल फाइनान्स लि.मा ८ वर्ष कार्यनुभव, - हाल सगरमाथा फाईनान्स लि.मा प्रमुख संचालन अधिकृत रुपमा कार्यरत ।
६.	श्री मन्दिल प्रधान	संचालक	३३ वर्ष	नेपाली	काठमाण्डौ-४	मानबिकि बिषयमा स्नातक	७०,०००	- विगत ४ वर्ष देखि श्री हिमालयन राईडस् प्रा.लि.मा प्रवन्ध संचालको पदमा रहि कार्यरत ।
७.	श्री लाल बहादुर थापा	कार्यकारी संचालक	४४वर्ष	नेपाली	ह्वाकु-८, तेह्रथुम	ब्यबस्थापन बिषयमा स्नातक	५०,०००	- पर्यटन व्यवसयमा १२ वर्ष भन्दा बढिको अनुभव, - संस्थापक/संचालक-अटो ग्यालरी प्रा.लि.
८.	श्रीमती अनु पिया	आधारभुत शेयरधनी	४७ बर्ष	नेपाली	भरतपुर-३, चितवन	इन्जिनियरिङ बिषयमा स्नाकोत्तर (कम्पुटर)	३०,०००	- डाइनामिक इन्टरनेशनल टेक्नोलोजि प्रा.लि. मा आइटि कन्सलटेन्ट ।
९	क्याप्टिभ इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.	आधारभुत शेयरधनी	दर्ता नं ९१४९१/ ६८/६९	नेपाली कम्पनी	का.म.न.पा.-१६	–	५०,०००	***कम्पनीको उद्देश्य :*** शेयरकारोबार, घरजग्गा रियल स्टेट कारोबार, डेरिभेटिभ तथा म्युचल फन्ड लगायत बिभिन्न क्षेत्रमा लगानी सम्बन्धि कार्य गर्ने, संञ्चालक : श्री राजिब प्रसाद प्याकुरेल र केशब मिश्र रहनु भएको छ ।
१०	श्रीमती रुपमति श्रेष्ठ	आधारभुत शेयरधनी	५३	नेपाली	चितवन रत्ननगर-९	नर्सिङ्ग बिषयमा स्नातक र मानबिकि बिषयमा स्नातकोत्तर	८१,१३०	- बि.पि. मेमोरियल हेल्थ इन्टिच्युट एण्ड रिर्चस सेन्टर मा संचालक
११	श्री उत्सब पिया	आधारभुत शेयरधनी	१९	नेपाली	भरतपुर-३, चितवन	ए लेबल उतिर्ण	२९,०००	- विभिन्न व्यवसायमा संलग्न भएको

सञ्चालकको विवरण

सि.नं.	नाम	पद	उमेर	राष्ट्रियता	ठेगाना	शैक्षिक योग्यता	शेयर स्वामित्व	अनुभव
१.	क्याप्टेन रामेश्वर थापा	अध्यक्ष	५० बर्ष	नेपाली	कुसादेवी-४, काभ्रेपलान्चोक	प्रबिणता प्रमाणपत्र, प्रशिक्षक बिमान चालक	१००,०००	- अन्नपुर्ण पोष्ट प्रा.लि.मा अध्यक्ष तथा प्रबन्धक निर्देशक, सिम्रीक एयरलाईन्समा कार्यकारि अध्ययक्ष, - स्पेश एयर प्रा.लि.मा प्रवन्ध संचालक, - कस्मिक एयर प्रा.लि.मा निर्देशक तथा एभरेष्ट एयर प्रा.लि.मा सम्योजक पदमा रहि लामो समयसम्मको कार्यनुभव, - कान्तिपुर मिडिय ग्रुपमा आबद्ध, - नेपालको प्रबुद्ध व्यक्तिको रुपमा परिचित, साथै विभिन्न पद संस्थाहरुबाट सम्मानित
२.	श्री अमरनाथ श्रेष्ठ	संचालक	५६ वर्ष	नेपाली	बुधबारे-९ झापा	मानबिकि बिषयमा स्नातक	१०५,०००	- अध्यक्ष - अटो ग्यालरी प्रा.लि.र इम्पलाईमेण्ट लिंक नेपाल प्रा.लि.
३.	श्री राजेन्द्र बहादुर सिंह	संचालक	४६ वर्ष	नेपाली	थालीगडा-२, बैतडी	ब्यवस्थापन बिषयमा स्नातकोतर र इन्जिनियरिङ बिषयमा स्नातक	२५५००	- सिम्रीक एयर प्रा.लि. मा प्रबन्धक निर्देशक, - अध्यक्ष मिडिया स्पेश सोलुसन प्रा.लि. र नेपाल न्युज नेटबर्क प्रा.लि. मा संञ्चालक पद मा कार्यरत ।
४.	श्री उदय कुमार पिया	संचालक	८६ वर्ष	नेपाली	नारायणगढ-१ चितवन	स्बअध्ययन	१,६५,०००	- कन्या स्कुल नारायणगढ र विरेन्द्र क्याम्पसको संस्थापक तथा संचालक समितिको सदस्यमा बसि कार्य गरेको अनुभव ।
५.	श्री अशोक बुढाथोकी	संचालक	५३ वर्ष	नेपाली	गरामुनी-७ झापा	ब्यबस्थापन र मानबिकि बिषयमा स्नातकोतर तथा बिज्ञान संकायमा स्नातक	२४,०००	- श्री क्यापिटल मर्चेण्ट बैंकिङ्ग तथा फाइनान्स लि.मा ३ वर्ष र नेपाल फाइनान्स लि.मा ८ वर्ष कार्यनुभव, - हाल सगरमाथा फाईनान्स लि.मा प्रमुख संचालन अधिकृत रुपमा कार्यरत ।
६.	श्री मन्दिल प्रधान	संचालक	३३ वर्ष	नेपाली	काठमाण्डौ-४	मानबिकि बिषयमा स्नातक	७०,०००	- विगत ४ वर्ष देखि श्री हिमालयन राईडस् प्रा.लि.मा प्रवन्ध संचालकको पदमा रहि कार्यरत ।
७.	श्री लाल बहादुर थापा	कार्यकारी संचालक	४४वर्ष	नेपाली	ह्वाकु-८, तेह्रथुम	ब्यबस्थापन बिषयमा स्नातक	५०,०००	- पर्यटन व्यवसयमा १२ वर्ष भन्दा बढिको अनुभव, - संस्थापक/संचालक-अटो ग्यालरी प्रा.लि.

९. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :

कम्पनीको नियमावलीको नियम ३१ मा देहाय बमोजिमका ७ (सात) जना संचालक सदस्य रहेको एक संचालक समिति हुने व्यवस्था रहेको छ :

“क” समूहमा रहेका संस्थापक समुहबाट मनोनित / निर्वाचित	४ जना
“ख” समूहमा रहेका सर्वसाधारण शेयरधनीहरुबाट	२ जना
स्वतंन्त्र व्यवसायिक विशेषज्ञ	१ जना
जम्मा	७ जना

यस कम्पनीको संचालकको पदमा नियुक्ति हुनको लागी कुनै पनि शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्दछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

१०. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीको स्थापना प्रचलित कानून अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रुपमा भएको हो । यसमा शेयरधनीहरुको दायित्व निजहरुले खरीद गरेको वा गर्न कबुल गरेको शेयरको अंकित मूल्य रकमसम्म मात्र सिमित रहनेछ ।

११. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा–नोक्सान, वासलात सहितको संक्षिप्त विवरण :

वासलात (रु.हजारमा)

पूँजी तथा दायित्व	वास्तविक		
	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३
शेयर पूँजी	८०,३२६	१,२९,३४८	१,८९,०००
शेयर प्रिमियम	-	-	-
जगेडा कोष र संचित नाफा	-	-	(३,५४८)
सुरक्षित दायित्व (दिर्घकालिन कर्जा/ऋण)	१९,४००	१,९५,०६४	२,५९,५००
असुरक्षित दायित्व	२,८४०	७,१२२	-
चालु दायित्व	-	-	-
सण्ड्रि क्रेडिटर तथा भुक्तानी गर्नुपर्ने रकम	२,९८५	३१,२७९	६,००४
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	२६१	१,४९२	२,५०२
छोटो अवधीको कर्जा/ऋण	-	३०,९७२	२१,६००
प्रतिधारण रकम	-	८,७४५	९,८७०
जम्मा	१,०५,८१२	४,०४,०२२	४,८४,९२७

सम्पत्ति	वास्तविक		
	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३
खूद स्थिर सम्पत्ति	६९,८२७	३,६३,६०५	४,४४,७४२
चालु पूँजीगत कार्य	-	११	२३,२०७
लगानी	-	-	
जम्मा स्थिर सम्पत्ति	६९,८२७	३,६३,६१७	४,६७,९४८
चालु सम्पत्ति			
सण्ड्री डेविटर्स	७०८	२०८	१०,१२०
नगद तथा बैंक मौज्दात	१०,३३७	३,१५०	६०७
अग्रिम भुक्तानी रकम र पेश्कि	२४,९३९	३७,०४७	६,२५२
जम्मा चालु सम्पत्ति	३५,९८४	४०,४०५	१६,९७९
जम्मा	१,०५,८१२	४,०४,०२२	४,८४,९२७

नाफा–नोक्सान हिसाब (रु.हजारमा)

विवरण	वास्तविक		
	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३
विद्यूत बिक्रीबाट आम्दानी	-	-	१०,४३२
अन्य आम्दानी	-	-	२
कूल आम्दनी	-	-	१०,४३४
कार्य संचालन खर्च	-	-	१,३२३
प्रशासकीय खर्च	-	-	२,७६३
संचालन मूनाफा	-	-	६,३४८
अन्य खर्चहरु	-	-	-
व्याज खर्च	-	-	७,२४६
ह्रास खर्च	-	-	२,६५१
जम्मा खर्च	-	-	-
कर तथा बोनश अधिको नाफा	-	-	(३,५४८)
बोनश	-	-	-
आयकर	-	-	-
कर तथा बोनश पछिको खूद नाफा	-	-	-
अघिल्लो वर्ष सम्मको संचित नाफा	-	-	-
बाँडफाँटका लागि उपलब्ध नाफा	-	-	-
प्रस्तावित लाभांश	-	-	-
वासलतमा सारिएको नाफा	-	-	(३,५४८)

१२. आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात (रु.हजारमा)

पूँजी तथा दायित्व	प्रक्षेपित		
	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
शेयर पूँजी	२,७०,०००	३,२४,०००	३,२४,०००
शेयर प्रिमियम	-	-	-
जगेडा कोष र संचित नाफा	१७,२५५	२५,७९०	३०,३९८
सुरक्षित दायित्व (दिर्घकालिन कर्जा/ऋण)	२,५१,४९९	५,६५,४५९	७,२७,१४८
चालु दायित्व			
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	८,५९९	१२,९६६	५९,०१२
छोटो अवधीको कर्जा/ऋण	-	-	-
प्रतिधारण रकम	-	-	-
जम्मा	५,४७,३५३	९,२८,२१५	११,४०,५५८

सम्पत्ति	प्रक्षेपित		
	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
खूद स्थिर सम्पत्ति	५,०७,१३६	८,९०,०९८	११,१७,८१५
चालू पूँजीगत कार्य	-	-	-
लगानी	-	-	-
जम्मा स्थिर सम्पत्ति	५,०७,१३६	८,९०,०९८	११,१७,८१५
चालु सम्पत्ति			
सण्ड्री डेविटर्स	३९,४६८	३७,१८४	२१,६८३
नगद तथा बैंक मौज्दात	७५०	९३३	१,०६०
अग्रिम भुक्तानी रकम र पेश्की	-	-	-
जम्मा चालू सम्पत्ति	४०,२१७	३८,११६	२२,७४३
विविध खर्चहरु (अपलेखन गर्न बाँकी)	-	-	-
जम्मा	५,४७,३५३	९,२८,२१५	११,४०,५५८

नाफा–नोक्सान हिसाब (रु.हजारमा)

विवरण	प्रक्षेपित		
	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६
विद्यूत बिक्रीबाट आम्दानी	५९,६९३	६१,४८२	१,१२,५२५
अन्य आम्दानी	-	-	-
आम्दनी	५९,६९३	६१,४८२	११२,५२५
विद्युत विक्रीको रोयल्टी	१,१९४	१,२३०	२,२५१
इन्स्योरेन्स	७६१	१,३३५	१,६७७
कार्य संचालन खर्च	२,४५५	३,१४८	३,६१६
प्रशासकीय खर्च	२,७८३	२,९७८	३,१८६
अन्य खर्चहरु	-	-	-
व्याज खर्च	२२,४७७	२१,६७८	४२,५६४
ह्रास खर्च	८३५	६६७	५३३
एमोटाइजेसन	७,९७१	७,९७१	२०,९५०
जम्मा खर्च	३८,४७५	३९,००६	७४,७७७
कर तथा बोनश अघिको नाफा	२१,२१९	२२,४७६	३७,७४८
बोनश	४१६	४४१	७४०
आयकर	-	-	-
कर तथा बोनश पछिको खूद नाफा	२०,८०३	२२,०३६	३७,००८
अघिल्लो वर्षसम्मको संचित नाफा	(३,५४८)	१७,२५५	२५,७९०
बाँडफाँटका लागि उपलब्ध नाफा	१७,२५५	३९,२९०	६२,७९८
प्रस्तावित लाभांश	-	१३,५००	३२,४००
वासलतमा सारिएको नाफा	१७,२५५	२५,७९०	३०,३९८

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औषत प्रतिफल (रु.हजारमा)

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.व. ०७०/०७१	आ.व. ०७१/०७२	आ.व. ०७२/०७३	आ.व. ०७३/०७४	आ.व. ०७४/०७५	आ.व. ०७५/०७६
साधारण पूँजी	८०,३२६	१,२९,३४८	१,८९,०००	२,७०,०००	३,२४,०००	३,२४,०००
शेयर प्रिमियम	-	-	-	-	-	-
जगेडा कोष तथा संचित नाफा नोक्सान	-	-	(३,५४८)	१७,२५५	२५,७९०	३०,३९८
जम्मा	८०,३२५	१,२९,३४८	१,८५,४५२	२,८७,२५५	३,४९,७९०	३,५४,३९८
अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-
जम्मा नेटवर्थ	८०,३२५	१,२९,३४८	१,८५,४५२	२,८७,२५५	३,४९,७९०	३,५४,३९८
शेयर संख्या (हजारमा)	८०३	१,२९३	१,८९०	२,७००	३,२४०	३,२४०
प्रति शेयर नेटवर्थ (रु.)	१००.००	१००.००	९८.१२	१०६.३९	१०७.९६	१०९.३८
नेटवर्थमा औषत प्रतिफल (प्रतिशतमा)	-	-	(४.४२)	११.०१	८.१६	११.४२

द्रष्टव्यः कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा निष्काशक कम्पनीले तयार गरेको हो । उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि बि.एस.सि. एण्ड एसोसियट्स चार्टड एकाउन्टेन्ट श्री सि.ए. भुवन सिंह चाडज्यूले प्रमाणित गर्नु भएको छ ।

१३. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
- संचालनमा रहेको जलविद्युत आयोजनमा वित्तीय जोखिम नरहेको ।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।
- आयोजनाबाट व्यवसायिक उत्पादन शुरु भई सकेको तथा भविष्यमा पूँजी संकलनको लागि थप हकप्रद शेयर समेत जारी गर्न सकिने हुँदा वित्तीय साधनको अभावबाट कुनै पनि जोखिम नहुने ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
- जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने भएतापनि यस खोलामा बिगत दश बर्षको जलमापनको आधारमा त्यस्तो नदेखिएको ।
- आयोजनाबाट विद्युत उत्पादन भईसकेको हुँदा कच्चा पदार्थको अभावबाट कुनै पनि जोखिम नहुने ।

(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
- हालसम्म बजारको जोखिम नरहेको ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :
- यस आयोजना समयमै सम्पन्न भएकाले सो सम्बन्धि जोखिम नभएको ।

(ङ) विदेशी विनिमयको जोखिम :
- विदेशी विनिमय दरमा परिवर्तन भएमा मर्मत खर्चमा बृद्धि हुन सक्ने ।

(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्दा सोबाट पर्न सक्ने असरहरु :
- अनुमती तथा इजाजत प्राप्त गर्दा ढिलाई हुन गएमा नयाँ आयोजना निमार्ण कार्यमा ढिलाई हुन सक्ने ।

(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरणका कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
- अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु
- कर, भन्सार आदि सम्बन्धी ब्यवस्थामा परिवर्तन भएमा ।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नीतिहरु परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।

(झ) सञ्चालन इतिहासको अभाब :
- आयोजना सफतापूर्वक सञ्चालनमा रहेको हुदा जोखिम न्यून रहेको र भविष्यमा निर्माण गरिने आयोजनामा यस अनुभब लाई संघाल्दै त्रृटि सच्याउदै अझ प्रतिफल मुलक आयोजना निमार्ण गरिने छ ।

(ञ) प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :
- जलविद्युत आयोजना निमार्णको लागि आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपरकणमा आउने परिवर्तन तथा नयाँ टेक्नोलोजीबाट बिद्युत उपकरणहरु फेज आउट भएमा ।

उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको ब्यवस्थाका साथै आयोजनाको आवश्यक संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्युनिकरण गर्न रु.२८०,३७९,१५२.५१ अग्नि बिमा र रु.५९,६९३,४३२.०५ को लस अफ प्रोफिटको विमा मिति २०७४/०१/०६ गते सम्म श्री शिखर इन्सुरेन्स कम्पनी लि.मा बीमा गरिएको छ । साथै नयाँ आयोजना कार्यान्वयन गर्दा सहायक कम्पनी गठन गरी जोखिमलाई न्यूनीकरण गरिने छ ।

(ट) अन्य :
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।

सम्भाबित जोखिमहरुलाई न्यूनिकरण गर्न ब्यवस्थापनको धारणा :

नेपाल जलश्रोतको धनी देश भएतापनि विद्युतको माग र आपूर्ति विचको असन्तुलन रहेको छ । मागको तुलनामा आपूर्ति न्यून रहेको हुँदा आयोजनहरुबाट उत्पादित विद्युत बिक्री वितरण गर्नको लागि बजारको कुनै समस्या नरहेको हुँदा जोखिम न्यून रहेको देखिन्छ । पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाको अन्य श्रोत भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहेको हँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखीम नरहेको धारणा व्यबस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्था गरिएको र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमा गरिएको छ ।

धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम:

रु.१००/- प्रति शेयरका दरले निष्काशित शेयर मूल्यले सूचीकरण पश्चात नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रक्रिया :
- छ्याङ्दी हाइड्रोपावर लि.बाट प्रबर्द्धन गरिएको छन्दीखोला साना जलविद्युत आयोजनाले लमजुङ्ग जिल्ला भित्र स्थाई वसोवास गर्ने वासिन्दाका लागि नियमावली बमोजिम सुरक्षित गरिएको जारी पूँजीको २,७०,००० कित्ता शेयर खरिद गर्न पाउने छन् ।
- कम्पनीले स्थानिय बासिन्दाहरुलाई खरीद गर्न आव्हान गरेको साधारण शेयर बिक्री भई बाँकी रहेमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयर सर्वसाधारणहरुमा थप गरि निष्काशन गरिनेछ ।

ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी ब्यवस्था :
यस विवरण-पत्र अनुसार जारी गरिएको साधारण शेयरहरुको बिक्री बन्द भएको मितिले धितोपत्र दर्ता तथा निष्काशन अनुमति सम्बन्धि नियममा भएको व्यवस्था अनुसार निर्धारित समय भित्र शेयरको बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्वीकृत भएको व्यहोरा जनाईएको बाँडफाँट-पत्र र फिर्ता भुक्तानी रकम बुझाएको स्थानबाट नै फिर्ता भुक्तानी हुने ब्यवस्था गरिनेछ । यदी आवेदकको बैंक खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थाले बाँडफाँटमा नपरेको रकम सिधै सम्बन्धित आवेदकको बैंक खातामा जम्मा गर्न मानेमा सोझै खातामा जम्मा हुनेछ । यस विवरण-पत्र मार्फत जारी गरिएको शेयर संख्या भन्दा बढी संख्यामा शेयर खरिदको लागि आवेदन प्राप्त हुन आएमा नेपाल स्टक एक्सचेन्ज लिमिटेड एवं नेपाल धितोपत्र बोर्डको धितोपत्र दर्ता तथा निष्काशन अनुमति सम्बन्धि नियम अनुरुप बाँडफाँट गरिने छ ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाइ भएमा दिइने ब्याजदर :
यसरी धितोपत्र दर्ता तथा निष्काशन सम्बन्धि नियममा भएको व्यवस्था अनुसार तोकिएको दिन भित्र शेयरको बाँडफाँट-पत्र र फिर्ता भुक्तानी दिन नसकिएमा धितोपत्र निष्काशन निर्देशिका, २०६५ बमोजिम गरिनेछ ।

घ) धितोपत्र बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
यसरी बाँडफाँट भएको शेयरहरु धितोपत्र दर्ता तथा निष्काशन अनुमति सम्बन्धि नियममा भएको व्यवस्था अनुसार तोकिएको समय भित्र शेयरहरुको प्रमाण-पत्र वा सम्बन्धित शेयरधनीको हितग्राही खातामा वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सि.डि.एस. एण्ड क्लियरिङ्ग लिमिटेडमा सूचीकरण सम्बन्धि नियम बमोजिम सूचीकरण गरिनेछ ।

ङ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोबार शुरु हुनको लागि संगठित संस्थाले पुरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :
नभएको ।

च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यवस्था सम्बन्धी विवरण :
नेपाल स्टक एक्सचेन्जमा हाल जस्तै प्रचलित सूचीकरण सम्बन्धी ब्यवस्था अनुसार सूचीकरण गराई शेयर खरीद बिक्रीको ब्यवस्था मिलाइने छ ।

१५. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने, धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर, सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :

लमजुङ्ग जिल्लाका आयोजना प्रभावित समेत अन्य गा.वि.स.का बासिन्दाहरुले यस विवरण-पत्र अनुसार जारी गरिने साधारण शेयर निम्न बमोजिम प्रक्रिया पुरा भएको अवस्थामा शेयर खरीद गर्न आवेदन दिन सक्नेछन् ।

क) आवेदकले दरखास्त फाराममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी दरखास्त फाराम बुझाउनु पर्नेछ ।
ख) १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा दरखास्त फाराम बुझाउँदा पेश गर्नु पर्नेछ ।
ग) १६ वर्ष भन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको संरक्षकद्वारा प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने । साथै दरखास्त फाराममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।
घ) विवाह भई आएका महिलाका हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।
ङ) वसाई सराई गरी आएको हकमा विद्युत केन्द्रबाट व्यापारिक उत्पादन भएका मिति २०७२।१२।१३ गते भन्दा अगावै बसाई सराई गरी आएको प्रमाण पत्रको प्रतिलिपि संलग्न गरेको हुनुपर्नेछ ।
च) माथि उल्लेखित हुन छुटेका लमजुङ्गवासी वा वितरण प्रकृयामा विवाद आएमा सम्बन्धित गा.वि.स.को सर्वदलीय संयन्त्रको निर्णय वा जिल्ला विकास समितिको सर्वदलीय संयन्त्रको निर्णय सहितको सिफारिस पत्र ।
छ) १६ वर्ष उमेर पुगि नागरिकता लिएको तर विवाह गरी लमजुङ्ग जिल्ला छोडी अन्य जिल्ला गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन ।
ज) आमा बावु बाहेक अन्य व्यक्ति संरक्षक भै नावालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
झ) धितोपत्र खरीद गर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संलकन केन्द्रमा शेयर खरीदको लागि दरखास्त बुझाउनु पर्नेछ ।
ञ) आवेदन फाराम बुझाउदा दरखास्त फाराममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फाराम बुझाउनु पर्नेछ ।
ट) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण शेयरको लागि एक वटा मात्र आवेदन गरेको हुनुपर्ने, यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदन रद्द हुनेछन् ।
ठ) उद्योग प्रभावित क्षेत्रका वासिन्दाबाट आवेदन माग गर्दा बसाई सराई वा अन्य कारणले बसाई सरेकाहरुले आवेदन दिन नपाउने ।
ड) शेयर खरीदको लागि दरखास्त दिंदा कम्तिमा ५० कित्ता र बढीमा १,००० कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिने छ । ५० कित्ता भन्दा बढि शेयरका लागि दरखास्त दिंदा १० अंकले भाग जाने संख्यामा दरखास्त दिनु पर्नेछ ।

१६. कम्पनीको प्रवन्ध–पत्र तथा नियमावली तथा विवरण–पत्र प्राप्त गर्न वा हेर्न सक्ने ठाँउ :

कार्यालय समय भित्र निम्नलिखित स्थानहरु तथा तोकिएको संकलन केन्द्रमा कम्पनीको प्रबन्धपत्र तथा नियमावली र विवरण पत्र निरीक्षण गर्न सकिनेछ ।
- कम्पनीको रजिर्ष्टर्ड कार्यालय, बागमती अञ्चल, काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २, गैरीधारा, काठमाण्डौ ।
- शेयर निष्काशन तथा बिक्री प्रवन्धक - ग्लोबल आईएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौ ।

१७. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	संकलन केन्द्रको नाम र ठेगाना	सम्पर्क ब्यक्ति	फोन नं.
१.	छ्याङ्दी हाइड्रोपावर लिमिटेड, (आयोजनाको साइट कार्यालय) फलेनी गा.वि.स. वडा नं. १ लमजुङ्ग	अनिल पन्थी	९८५११७३१३९
२.	ग्लोबल आइएमई बैंक लिमिटेड, शाखा कार्यालय बेसीशहर बजार, लमजुङ्ग	उज्जल पोखरेल	०६६-५२१०३५
३.	प्यासिफिक डेभलपमेण्ट बैंक लिमिटेड, भोटेबडार, लमजुङ्ग	उपेन्द्र गुरुङ्ग	९८५६०४६१९०
४.	कैलाश विकास बैंक लिमिटेड, शाखा कार्यालय बेसीशहर बजार, लमजुङ्ग	प्रदिप पौडेल	९८५६०३१३०४

१८. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	बैंकको नाम र ठेगाना	खाता नं.
१.	ग्लोबल आइएमई बैंक लिमिटेड, पानीपोखरी, काठमाण्डौ ।	०१११०१००११०२८
२.	सिद्धार्थ बैंक लिमिटेड, अनामनगर, काठमाण्डौ ।	५०२१५०१६८०८
३.	कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।	०१२४५२४६१५६५५०१२

साथै आवश्यकता अनुसार निष्कासन बन्द भएको मितिले ३ (तीन) दिन भित्र बोर्डलाई जानकारी दिई अन्य बाणिज्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

१९. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् । फोन नं. ४२२२४६०, E-mail : info@gicl.com.np

दरखास्त फारमको नमूना

प्रति दरखास्त फारम रु.२/-

फोटो अनिवार्य

छ्याङ्दी हाइड्रोपावर लिमिटेड
CHHYANGDI HYDROPOWER LIMITED
का.म.न.पा. वडा नं. ०२, समता मार्ग, गैरीधारा, काठमाण्डौ
फोन नं. : ०१-४४२६४८३, ४४२४९२५
इमेलः info@chpl.com.np, chhyangdihydropowerltd@gmail.com, वेभसाइटः www.chpl.com.np
को

उद्योग प्रभावित क्षेत्र लमजुङ जिल्लाका बासिन्दाहरुको निमित्त साधारण शेयर खरिद दरखास्त फाराम

मार्फत्: Global IME Capital Limited
पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

सि.नं.

श्री सञ्चालक समिति,
छ्याङ्दी हाइड्रोपावर लिमिटेड
समता मार्ग, गैरीधारा, काठमाण्डौ

कोड नं.

हितग्राही खाता नं.	DP ID	Client ID

दरखास्त फारममा निवेदकको आफ्नै खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नम्बर अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

महाशय,
त्यस कम्पनीको मिति २०७३/०९/२४ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा रु.१००/– अङ्कित दरको शेयर कित्ता .... लिन इच्छुक भएकोले प्रति साधारण शेयर रु.१००/– को दरले रु. .... (अक्षरेपी ....) यसै साथ पठाएको छु/छौं । त्यस कम्पनीको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको संख्या		शेयर बापत जम्मा गरेको रकम				मिति	२०७३/ /	
रकम बुझाएको कम्पनीको नाम र ठेगाना						भौचर/ड्राफ्ट नं.		
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना						चेक नं.		
खाता रहेको बैंक/वित्तीय संस्थाको नाम								
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा				खाता नं.				
निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक						
	In English	Mr./Mrs./Miss/Minor						USE CAPITAL LETTER
स्थायी ठेगाना	वडा नं.		घर नं.		गा.वि.स./न.पा.		जिल्ला	
Permanent Address	Ward No.		House No.		VDC/Municipality		District	
सम्पर्क ठेगाना								
P.O. Box No.			P.O. Box District			नागरिकता प्रमाण-पत्र नं.		
PAN No.			Contact. No.			नागरिकता जारी गरेको जिल्ला		
निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा							
	In English							USE CAPITAL LETTER
बाबु/आमाको नाम								
Father's/Mother's Name								
बाजेको नाम								
Grandfather's Name								
पति/पत्नीको नाम								
संरक्षकको नाम (नाबालकको हकमा)								
Guardian's Name (Incase of minor)								

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन गरेको होइन । साथै मैले/हामीले यसै साथ स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरू र यस दरखास्त फाराममा खुलाएको विवरण सांचो हो । म/हामी यस कम्पनीको संस्थापक, सञ्चालक तथा निजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु/गर्दछौं । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

पुनश्चः आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडि पट्टि रहेको बुँदा नं. १५ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत्: Global IME Capital Limited

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

हितग्राही खाता नं.	DP ID	Client ID

Applicant's Name					
Company's Name	CHHYANGDI HYDROPOWER LIMITED				
No. of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited (Rs.)	
Amount in Words					

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Date:
Stamp
Code No.

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US

पोष्ट बक्स नं. २१५९९, राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

final